आज मिति २०७७।३।२९ गते दिनेको १:०० बजे मालपोत ऐन, २०३४, को दफा ८(२), मालपोत नियमावली, २०३६ (शंसोधन सहित) को नियम ५ (ख) १ बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ को लागि मालपोत कार्यालय मझगाँवा, रुपन्देही कार्य क्षेत्र भित्र पर्ने गाउँपालिका तथा नगरपालिका (साविक गा.वि.स.हरु)को रजिष्ट्रेशन पारित हुने लिखतमा थैली अंक कायम गरिने प्रयोजनको लीगि जग्गाको न्यूनतम मूल्यांकन निर्धारण गर्न गठित समितिको बैठक समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्रीमान् महादेव पन्थ ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी विस्तृत छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरीयो ।

**उपस्थितिः-**

| | | | |
|---|---|---|---|
| १. प्र.जि.अ. | श्री महादेव पन्थ | जिल्ला प्रशासन कार्यालय, रुपन्देही | -अध्यक्ष |
| २. प्रमुख कर अधिकृत | श्री देवी प्रसाद भण्डारी | आन्तरीक राजस्व कार्यालय, भैरहवा, रुपन्देही | -सदस्य |
| ३.नि.जि.स.स. | श्री लक्ष्मी शर्मा | जिल्ला समन्वय समिति, रुपन्देही | -सदस्य |
| ४. नि.कार्यालय प्रमुख | श्री सन्तोष ठाकुर | नापी का., मझगावा, रुपन्देही | -सदस्य |
| ५. का.प्र. | श्री लक्ष्मणप्रसाद चालिसे | मा.पो.का., मझगावा, रुपन्देही | - स.सचिव |

**आमन्त्रित :-**

| | | |
|---|---|---|
| १. संयोजक | श्री भानमती बनिया | राजश्व परार्मश समिति, कोटहिमाई गा.पा. |
| २. संयोजक | श्री सुनीता कलवार | राजश्व परार्मश समिति, मर्चवारी गा.पा. |
| ३. संयोजक | श्री कु.प्रियंका शाही सिंह | राजश्व परार्मश समिति, सम्मरीमाई गा.पा. |
| ४. संयोजक | श्री जानकी देवी श्रीवास्तव | राजश्व परार्मश समिति, लु.सा.न.पा. |
| ५. प्रमुख कोष नियन्त्रक | श्री चन्द्रप्रसाद भुषाल | को.ले.नि.का., रुपन्देही |
| ६. सहायक प्र.जि.अ. | श्री राजेश पन्थी | जिल्ला प्रशासन कार्यालय, रुपन्देही |
| ७. सहायक प्र.जि.अ. | श्री कृष्ण बहादुर खडका | जिल्ला प्रशासन कार्यालय, रुपन्देही |
| ८. शाखा प्रवन्धक | श्री धर्मराज गुप्ता | कृषि विकास बैंक, मझगावा, रुपन्देही |
| ९. नि.कार्यालय प्रमुख | श्री बल बहादुर मतारा | ईलाका प्रशासन का., मझगावा, रुपन्देही |
| १०. अध्यक्ष | श्री अरुण कुमार शुक्ला | नेपाल ले.प.का.व्य.संघ, मझगावा, रुपन्देही |
| ११. ना.सु. | श्री हमिउद्दीन मुसलमान | मालपोत कार्यालय, मझगावा, रुपन्देही |
| १२. स.लेखापाल | श्री अविनास अग्रहरी | मालपोत कार्यालय, मझगावा, रुपन्देही |
| १३. क.अ. | श्री सन्तोष पराजुली | मालपोत कार्यालय, मझगावा, रुपन्देही |

**प्रस्ताव नं. १**

आ.व. २०७७/०७८ को लागि घर जग्गा रजिष्ट्रेशन प्रयोजनको लागि न्यूनतम मूल्यां)कन निर्धारण सम्बन्धमा ।

**निर्णय नं. १**

उल्लेखति प्रस्ताव माथि छलफल गर्दा मालपोत कार्यालय मझगाँवा रुपन्देहीको कार्याक्षेत्र भित्र पर्ने निम्न लिखित नगरपालिका तथा गाउँपालिका (साविक गा.वि.स.) क्षेत्र भित्रका घरजग्गाको रजिष्टेशन लिखत पारित हुने प्रयोजनका लागि न्यूनतम मूल्य निर्धारण गर्न बसेको आजको यस बैठकले चा.लु.२०७६/०७७ का लागि निर्धारित मूल्याङ्कन, वर्तमान अवस्थामा रहेको जग्गाको वस्तुगत अवस्थिति, शहरीकरण, जग्गाको प्रयोजनको अवस्था, विद्युत, सिंचाई, खानेपानी, शिक्षा, स्वास्थ्य सडक मार्ग जस्ता आधारभूत सेवाको अवस्था तथा उपलब्धता, बैंक तथा वित्तिय संस्थाको प्रचलित मूल्याङ्कन, चालु आ.ब. मा खरिद विक्री मुल्य, विभिन्न निकायबाट प्राप्त सुझाव, प्रदेश नं. ५ घरजग्गा न्यूनतम मूल्य निर्धारण समिति (गठन तथा कार्य संचालन) आदेश, २०७६ को दफा ६ मा उल्लेखित प्रावधानहरु समेतको आधारमा विस्तृत छलफल गरी चालु आ.ब.को साविकको मूल्याङ्कन दरमा सरदर १० प्रतिशतले वृद्धि गरी शून्यान्तमा आगामी आ.ब. २०७७/०७८ को लागि मिति २०७७/०४/०१ गते देखि लागू हुने गरी निम्नानुसारको न्यूनतम मुल्याङ्कक निर्धारण गर्ने निर्णय गरियो ।

## आ.व.०७७/०७८ को लागि स्वीकृत न्यूनतम मूल्याङ्कन रकम

| सि.नं. | साविक गा.वि.स. | वडा | विवरण | मूल्याङ्कन रकम प्रति कठ्ठा | कै. |
|---|---|---|---|---|---|
| १. | आमा (लु.सा.न.पा.) | १-९ | (क) पक्की सडकमा पर्ने जग्गा | ६,०५,०००।- | |
| | | | (ख) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा | ३,३३,०००।- | |
| | | | (ग) खेती योग्य जग्गा | १,३९,५००।- | |
| २. | बभनी (लु.सा.न.पा.) | १-९ | (क) पडरिया देखि ककरहवा सम्मको मुल पक्की सडकमा पर्ने जग्गा | ८६,५००।- | |
| | | | (ख) भित्री पक्की सडकमा पर्ने जग्गा | ६,०५,०००।- | |
| | | | (ग) भै.लु.भु.ज. ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा | ३,६३,०००।- | |
| | | | (घ) खेती योग्य जग्गा | १,३९,५००। - | |
| ३. | कटैया (को.मा. गा.पा.) | १-९ | (क) नहरको मूल सडकमा पर्ने जग्गा | ६,०५,०००। - | |
| | | | (ख) भित्री पक्की सडकमा पर्ने जग्गा | ५,२०,०००। - | |
| | | | (ग) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा | ३,६३,०००। - | |
| | | | (घ) खेती योग्य जग्गा | १,३९,५००। - | |
| ४. | बोगडी (को.मा. गा.पा.) | १-९ | (क) नहरको मूल सडकमा पर्ने जग्गा | ६,०५,०००। - | |
| | | | (ख) भित्री पक्की सडकमा पर्ने जग्गा | ५,४४,५००। - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (ग) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(घ) खेती योग्य जग्गा | ३,३३,०००।-<br>१,३९,५००।- | |
| ५ | बैरघाट<br>(को.मा. गा.पा.) | १-९ | (क) नहरको मूल सडकमा पर्ने जग्गा<br>(ख) भित्री पक्की सडकमा पर्ने जग्गा<br>(ग) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(घ) खेती योग्य जग्गा | ६,०५,०००।-<br>५,४४,५००।-<br>३,३३,०००।-<br>१,३९,५००।- | |
| ६. | मझगाँवा<br>(को.मा. गा.पा.) | १-९ | (क) मझगाँवा बजार क्षेत्र सडकमा पर्ने जग्गा<br>(ख) नहरको मुल सडकमा पर्ने जग्गा<br>(ग) भित्री पक्की सडकमा पर्ने जग्गा<br>(घ) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(ङ) खेती योग्य जग्गा | ९,६८,०००।-<br>७,२६,०००।-<br>६,०५,०००।-<br>३,६३,०००।-<br>१,५१,५००।- | |
| ७. | मर्यादपुर<br>(को.मा. गा.पा.) | १-९ | (क) नहरको मूल सडकमा पर्ने जग्गा<br>(ख) भित्री पक्की सडकमा पर्ने जग्गा<br>(ग) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(घ) खेती योग्य जग्गा | ७,२६,०००।-<br>५,४४,५००।-<br>३,६३,०००।-<br>१,३९,५००।- | |
| ८. | सिपवा<br>(को.मा. गा.पा.) | १-९ | (क) पक्की सडकमा पर्ने जग्गा<br>(ख) भै.लु.भु.जा., ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(ग) खेती योग्य जग्गा | ६,०५,०००।-<br>४,८४,०००।-<br>१,३९,५००।- | |
| ९. | स.पकडी<br>(को.मा. गा.पा.) | १-९ | (क) लुम्बिनी - भैरहवा मुल सडकमा पर्ने जग्गा<br>(ख) भित्री पक्की सडकमा पर्ने जग्गा<br>(ग) भै.लु.भु.ज., ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(घ) खेती योग्य जग्गा | १४,५२,०००।-<br>७,२६,०००।-<br>४,२३,५००।-<br>१,५१,५००।- | |
| १० | असुरैना<br>(स.मा. गा.पा.) | १-९ | (क) नहरको मूल सडकमा पर्ने जग्गा<br>(ख) भित्री पक्की सडकमा पर्ने जग्गा<br>(ग) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(घ) खेती योग्य जग्गा | ५,२०,०००।-<br>५,२०,०००।-<br>३,१८,०००।-<br>१,३३,०००।- | |
| ११. | करौता | १-९ | (क) पक्की सडकमा पर्ने जग्गा | ५,२०,०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (स.मा. गा.पा.) | | (ख) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(ग) खेती योग्य जग्गा | ३,१८,०००। -<br>१,३३,०००। - | |
| १२. | थु.पिप्रहवा<br>(स.मा. गा.पा.) | १-९ | (क) पक्की सडकमा पर्ने जग्गा<br>(ख) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(ग) खेती योग्य जग्गा | ५,२०,०००। -<br>३,१८,०००। -<br>१,३३,०००। - | |
| १३. | फरेना<br>(स.मा. गा.पा.) | १-९ | (क) पक्की सडकमा पर्ने जग्गा<br>(ख) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(ग) खेती योग्य जग्गा | ५,२०,०००।-<br>३,१८,०००। -<br>१,३३,०००। - | |
| १४. | बेतकुइयाँ<br>(स.मा. गा.पा.) | १-९ | (क) नहरको मूल सडकमा पर्ने जग्गा<br>(ख) भित्री पक्की सडकमा पर्ने जग्गा<br>(ग) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(घ) खेती योग्य जग्गा | ५,७७,५००। -<br>५,२०,०००। -<br>३,१८,०००। -<br>१,३३,०००। - | |
| १५. | म.बनगाई<br>(स.मा. गा.पा.) | १-९ | (क) पक्की सडकमा पर्ने जग्गा<br>(ख) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(ग) खेती योग्य जग्गा | ५,२०,०००। -<br>३,१८,०००। -<br>१,३३,०००। - | |
| १६. | रोइनीहवा<br>(स.मा. गा.पा.) | १-९ | (क) पक्की सडकमा पर्ने जग्गा<br>(ख) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(ग) खेती योग्य जग्गा | ५,२०,०००। -<br>३,१८,०००। -<br>१,३३,०००। - | |
| १७. | ठर्की<br>(मर्चवारी गा.पा.) | १-९ | (क) पक्की सडकमा पर्ने जग्गा<br>(ख) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(ग) खेती योग्य जग्गा | ५,४४,५००। -<br>३,३३,०००। -<br>१,३९,५००। - | |
| १८. | बगौली<br>(मर्चवारी गा.पा.) | १-९ | (क) नहरको मूल सडकमा पर्ने जग्गा<br>(ख) भित्री पक्की सडकमा पर्ने जग्गा<br>(ग) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(घ) खेती योग्य जग्गा | ६,०५,०००। -<br>५,४४,५००। -<br>३,३३,०००। -<br>१,३९,५००। - | |
| १९. | वडवलिया<br>(मर्चवारी गा.पा.) | १-९ | (क) पक्की सडकमा पर्ने जग्गा<br>(ख) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा<br>(ग) खेती योग्य जग्गा | ५,४४,५००। -<br>३,३३,०००। -<br>१,३९,५००। - | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | **म.अमुवा (मर्चवारी गा.पा.)** | १-९ | **(क) पक्की सडकमा पर्ने जग्गा**<br>**(ख) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा**<br>**(ग) खेती योग्य जग्गा** | ५,४४,५००। -<br>३,३३,०००। -<br>१,३९,५००। - | |
| २१. | **रायपुर (मर्चवारी गा.पा.)** | १-९ | **(क) नहरको मूल सडकमा पर्ने जग्गा**<br>**(ख) भित्री पक्की सडकमा पर्ने जग्गा**<br>**(ग) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा**<br>**(घ) खेती योग्य जग्गा** | ६,०५,०००। -<br>५,४४,५००। -<br>३,३३,०००। -<br>१,३९,५००। - | |
| २२. | **सेमरा (मर्चवारी गा.पा.)** | १-९ | **(क) नहरको मुल सडकमा पर्ने जग्गा**<br>**(ख) भित्री पक्की सडकमा पर्ने जग्गा**<br>**(ग) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा**<br>**(घ) खेती योग्य जग्गा** | ६,०५,०००। -<br>५,४४,५००। -<br>३,३३,०००। -<br>१,३९,५००। - | |
| २३ | **सिलौटिया (मर्चवारी गा.पा.)** | १-९ | **(क) पक्की सडकमा पर्ने जग्गा**<br>**(ख) ग्राभेल तथा कच्ची सडकमा पर्ने जग्गा**<br>**(ग) खेती योग्य जग्गा** | ५,४४,५००। -<br>४,२३,५००। -<br>१,३९,५००। - | |

## निर्णय नं. २

१. नगर/गाउँपालिकाको गल्ली तथा प्रस्तावित र इट्टा विच्छयाईएको बाटोलाई ग्राभेल तथा कच्ची बाटो सरह मूल्याङ्कन कायम गरिने छ ।

२. कुनै क्षेत्रको मूल्याङ्कन छुटेको भए उक्त जग्गाको आठा जोडिएको कित्ता सरहको मूल्याङ्कन कायम गरिने छ ।

३. पक्की तथा कच्ची सडकमा सटेको पुरा कित्ताको क्षेत्रफललाई सडकको मूल्याङ्कन सरह कायम गरिने छ, साथै कुनै लिखतमा फरक सिफारिस भएको पाइएमा तथा विवरण शंकास्पद देखिन आएमा मालपोत कार्यालयले स्थलगत निरिक्षण गरी नापी कार्यालय समेत बुझी ठहरे बमोजिम मूल्यांकन कायम गरिने छ ।

४.स्थानिय तहबाट बाटो नभएको भनि सिफारिस भएको तर कित्ताकाट गरी लिखत पारित हुन आउँदा ट्रेश नक्शामा बाटो कायम भएको वा लिखतमा मोहोडा उल्लेख भएको र प्लटिङ गरिएको जग्गा देखिएमा सोही अनुरुप ग्राभेल तथा कच्ची बाटोको मूल्याङ्कन कायम गरिने छ ।

५.स्थानिय तहको घर बाटो तथा चौकिल्ला सिफारिस नै मूल्याङ्कनको मूल आधार भएकोले थैली अंक कायम गर्न सो सिफारिस अनीवार्य रुपमा पेश गर्नु पर्नेछ र घर भएमा सम्बन्धित स्थानिय तहबाट घरको मूल्यांकन समेत पेश गर्नु पर्ने छ ।

६. जुन कित्ता जग्गाको लिखत पारित गर्न घर बाटो र चार किल्ला सिफारिस बनाइएको हो सोही कित्ता जग्गा वाहेक कित्ताकाट भई सकेपछि कायम भएको अर्को कित्ताको लागि सो सिफारिस मान्य हुने छैन ।

७. गाउँ ब्लक (मिन्हीडिही घडेरी) जग्गामा बनेको घर गोठको लिखत पारित गर्दा सम्बन्धित स्थानिय तहबाट हक भोग तथा घरको मूल्य सहित चार किल्ला सिफारिस प्रमाणित भई आए बमोजिम न्यूनतम मूल्याङ्कन कायम गरिने छ ।

८.स्थानिय तहबाट बाटो मात्र उल्लेख भई आएको सिफारिसमा सोही न.पा. तथा गा.पा.को अधिकतम मूल्याङ्कन कायम गरिने छ ।

९.भैरहवा लुम्बिनी भूमिगत जल तथा नहर सँग जोडिएको भनि सिफारिस भई आएमा ग्राभेल तथा कच्ची सडकको मूल्याङ्कन कायम गरिने छ ।

१०. घर भएको जग्गामा बाटो नदेखिएता पनि सोही क्षेत्रको ग्राभेल तथा कच्चि बाटो सरह मूल्यांकन कायम गरिने छ ।

**द्रष्टब्य :-**

१. स्थानिय तहबाट प्राप्त हुने घर वाटो, चार किल्ला सिफारिसमा घर बाटो ब्यहोरा फरक पर्न गई नेपाल सरकारलाई प्राप्त हुने राजस्व कम हुन गएमा सम्बन्धीत सिफारिस गर्ने निकाय र कारणिहरु जिम्बेबार तथा जवाफदेहि हुनुपर्नेछ ।

२. लिने दिनेले पेश गर्ने लिखतमा बाटो, घर, टहरा, छाप्रो, गोठ आदि भए नभएको वा खेति योग्य जग्गा हो भन्ने ब्यहोरा लेखी लेखाई ऋणि धनी दुवैले सहिछाप गरी लिखत पेश गर्नु पर्ने छ ।

३. ऋणि धनिले लिखत पारित गराउँदा कार्यालयलाई समेत झुक्याई राजस्व छल्ने नियतले सडक बाटो, घर भएकोलाई नदेखाई पारित गराए ता पनि पछि सडक, घर, भएको ब्यहोरा कार्यालयलाई कुनै पनि श्रोतबाट थाहा हुन आएमा नपुग राजश्व रकम सम्बन्धित धनीबाट अशुल उपर गरनि छ । अशुल नभए सम्मका लागि निजको जुनसुकै सम्पत्ती मालपोत ऐन २०३४ को दफा ८ (ख) बमोजिम कार्यालयले आन्तरिक रोक्का राख्ने छ ।

४. कुनै कित्ता जग्गा एक भन्दा बढी सडक सँग जोडिएको पाईएमा जुन सडकको मूल्याङ्कन बढी छ सोहि वमोजिम न्यूनतम मुल्य कायम हुने छ ।

५. वाटो सँग जोडिएको जग्गालाई बाटो तर्फ कित्ताकाट गरी कित्ता कायम भएको अवस्थामा सो भन्दा पछाडिको कित्ता जग्गालाई एक आर्थिक वर्ष भरी वाटोमा जोडिएको कित्ता सरह मूल्याङ्कन कायम गरिने छ । *(भूमिसुधार विभागको च.नं. ३६४४ मिति २०६९/०३/२१ गतेको पत्रानुसार)*

६. स्थानिय तहबाट उल्लेख भई आएको भन्दा नापी वा अन्य व्यहोराबाट घर, गोठ, बाटो आदिका बारेमा कुनै पनि फरक विवरण प्राप्त भएमा सोलाई समेत आधार मानी न्यूनतम मुल्य कायम गरिने छ ।

७. व्यक्तिको नामको जग्गा नेपाल सरकारको नाममा लिखतद्धारा कित्ताकाट गरी बाटो कायम गर्दा सम्बन्धीत स्थानिय तहको मापदण्ड अनुसार तर्फ खुलेको सिफारीस पेश गर्नुपर्ने छ ।

८. एक पटक पारित भएको लिखतको थैली अंकलाई अर्को पटक सोही घर जग्गाको लिखत पारित गर्दा पहिलेको थैली अंकलाई न्यूनतम मूल्य मानिने छ । *(भूमिसुधार तथा ब्यवस्थापन विभागको च.नं. ३६४४ मिति २०६९/०३/२१ को परिपत्रानुसार)*

९. स्थानिय तहको घर बाटोको सिफारिस ९० दिन सम्म कायम रहने छ । अन्य ब्याक्तिमा हक हस्तान्तरण भई पुन: विक्री हुन आएमा वा कित्ता काट भएमा र आर्थिक बर्ष परिवर्तन भएमा छुट्टै सिफारिस पेश गर्नु पर्ने छ ।

१०. अंशवण्डा, अंशभरपाई वा नाता भित्रको वकसपत्र लिखत पारित गर्न आउँदा तोकिए बमोजिमको ढाँचामा उल्लेख भएको नाता प्रमाण-पत्र पेश गर्नु पर्ने छ ।

११. सरकारले राजश्व छुट दिनेगरी नीतिगत व्यवस्था गरे बमोजिम छुट दावी माग गर्ने संघ/संस्था वा अपाङ्ग, दलित, शहिद आदि जस्ता निकाय/व्याक्तिले लिखत पारित हुनु अगावै आधिकारिक निकायबाट छुट पाउने भनि सिफारिस र परिचय पत्र पेश गर्नुपर्ने छ ।

१२.कुनै पनि जग्गाधनीले जग्गा विक्री गर्न आउँदा पुंजीगत लाभकर बुझाउनु पर्नेमा यथार्थ विवरण नदेखाई लाभकर छलेमा वा नबुझाएको भन्ने कार्यालयलाई कुनै स्रोतबाट जानकारी हुन आएमा निजको जुनसुकै जग्गा वा सम्पत्ती रोक्का राखी नपुग राजस्व रकम अशुल उपर गरिने छ ।

१३. निर्धारित न्यूनतम मूल्याङ्कन भन्दा कम हुने गरी कसैले थैली अंक कायम गराई लिखत पारित गराएको कुरा पछि कार्यालयलाई जानकारी हुन आएमा नपुग राजश्व सम्बन्धित व्यक्ति/संघ संस्था/कम्पनी जो सुकै भएपनि त्यस्ता व्यक्तिको घर जग्गा रोक्का राखी सरकारी बाँकी सरह कारवाही चलाई असुल उपर गरिनेछ ।

१४. थैली अंक कायम गर्दा लेन देन गरेको मूल्यमा वा न्यूनत मूल्यमा जुन बढी हुन आउछ सोही मूल्य कायम गरिनेछ ।

१५. घर सहितको जग्गा पारित गर्दा स्थानिय तहबाट घरको विवरण र मूल्याङ्कन खुलाईएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । सिफारिस पत्र बमोजिम घर र जग्गाको छुट्टा छुट्टै मूल्य खुलाई लिखत पारित हुनेछ ।

१६. लिखतमा घर नखुलाई पारित भएको लिखतबाट पछि घर थियो भनि मालपोत कार्यालयमा दाबी गर्न पाइने छैन । लिखतमा घर लुकाई पारित गरेको ठहरेमा सम्बन्धित पक्षबाट पारित लिखतको थैली अंकमा घरको मूल्याङ्कन जोडी आर्थिक ऐनले तोके बमोजिम राजश्व तथा घर कायमको दस्तुर असुल उपर गरिनेछ ।

१७. नापी कार्यालय र स्थानिय तहबाट लेखि आएको व्यहोरा फरक परेमा वा बाझिएमा नापी कार्यालयबाट आएको नापी नक्साको आधार मानी न्यूनतमा मूल्याङ्कन कायम गरिनेछ ।

१८. साविकमा फरक फरक दर रेट भएका कित्ता जग्गाहरु पछि प्लट मिलान गरी कित्ता एकीकरण भई एउटै कित्ता कायम भएको हकमा साविक जुन कित्ताको मूल्याङ्कन बढी छ सोही बमोजिम मूल्याङ्कन कायम गरिनेछ ।

१९. लिखत पारितको शिलशिलामा कित्ताकाटको लागि नापी कार्यालय पठाए पछि कित्ताकाट गर्दा नक्सामा घटी देखिएमा सो व्यहोरा नापी कार्यालयले लिखतमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

२०. जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिकामा लेखिएका कुराहरुका हकमा यसै मूल्याङ्कन पुस्तिका अनुसार र यसमा उल्लेख हुन नसकेका कुराहरुको हकमा मालपोत ऐन, २०३४ तथा मालमोत नियमावली, २०३६ एवम् प्रचलित कानुन बमोजिम हुनेछ ।

२१. उल्लेखित न्यूनतम मूल्याङ्कनमा कुनै द्विविधा पर्न गएमा मालपोत कार्यालयबाट समाधान गर्न सकिने छ ।

**समाप्त**